# बाईपास दैनिक

**BY PASS DAILY**

✡ वर्ष - ७ अंक -१९८ ✡ २०६७ माघ १३ गते बिहिबार ✡ BY PASS DAILY ✡ Thursday January 27 2011




# शिक्षा प्राप्त गर्नु बालबालिकाको नैसर्गिक अधिकार हो : वक्ताहरु

बाईपास सम्वाददाता/वीरगंज/१२/माघ

सशस्त्र द्वन्दबाट बालबालिका तथा शिक्षा क्षेत्रमा परेको प्रभाव सम्बन्धी बाल सार्वजनिक सुनुवाई कार्यक्रम बुधवार होटल सम्भनामा उल्लेख्य उपस्थितिमा सम्पन्न भएको छ।

हिमराईटसको समायोजनमा र पि.पि.सी.सि.को आयोजनामा भएको सार्वजनिक सुनवाई कार्यक्रममा पर्साका प्रजिअ नागेन्द्र झा, स्थानिय विकास अधिकारी रामधिन यादव, जिल्ला शिक्षा अधिकारी केदार तिवारी, स्थानिय शान्ति समिति पर्साका अध्यक्ष विजय महतो र मानव अधिकारकर्मी कमलमोहन पोखेल लगायतले विगतका द्वन्दहरुबाट बालबालिका प्रभावित भएको, शिक्षाको अधिकारबाट वंचित हुने अवस्था देखा परेको प्रति चिन्ता जाहेर गर्दै बालबालिकाहरुको शिक्षाको अधिकारलाई सुरक्षित गर्नु पर्नेमा जोड दिएका थिए । वक्ताहरुले बाल अधिकार हनन गर्नेलाई कानुनी दायरामा ल्याएर साकारात्मक सोच रुपान्तरण गर्नु पर्ने बताएका थिए ।